**नेपाल सरकार**
**श्री प्रबन्धरथी बिभाग (खाद्य र परिवहन), जंगी अड्डा**

**<u>हाई ईनर्जी बिस्कुट आपूर्ति सम्बन्धी</u>**

**<u>सिलबन्दी बोलपत्र तथा विद्युतीय बोलपत्र</u> (e-bidding)**

**<u>आव्हानको सूचना नं.२</u>**

**(प्रथम पटक सूचना प्रकाशन मिति २०६८/०९/०३ गते)**

१. हाई ईनर्जी बिस्कुट आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरूबाट दैनिक संख्या करिब ९२५२८ को लागि आवश्यकता अनुसारको हाई ईनर्जी बिस्कुटको ठेक्का स्वीकृत भई खरिद सम्झौता सम्पन्न भएपछि सो खरिद सम्झौतामा उल्लेखित मितिबाट २०६९ पौष मसान्तसम्म ७५ वटै जिल्ला स्थित सम्पूर्ण युनिट तथा पोष्टहरूमा हाई ईनर्जी बिस्कुटको लागि कवोल गरेकै दररेटमा ढुवानी गरी आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताबाट सिलबन्दी बोलपत्र तथा विद्युतीय बोलपत्र (e-bidding) आब्हान गरिन्छ ।

२. हाई ईनर्जी बिस्कुट आपूर्ति गर्नु पर्ने ७५ जिल्ला स्थित पृतना, वाहिनी, गण, गुल्म, डिपो तथा सुरक्षा पोष्टहरू (स्थायी/ अस्थायी) को नाम स्थान र वार्षिक अनुमानित परिमाण बोलपत्र साथ संलग्न आपूर्ति तालिकामा उल्लेख गरिएको छ ।

३. बोलपत्रदाताले नमूनाको रूपमा तथा वोलपत्र स्वीकृत भएपछि आपूर्ति गर्नु पर्ने ४३ ग्राम तौलको हाई इनर्जी बिस्कट (प्रति १०० ग्रामलाई आधार मानी) को Composition, Vitamins/ Minerals र Packaging मापदण्ड निम्नानुसार हुनु पर्नेछ । देहाएका Vitamins/Minerals युक्त र Packaging मापदण्डका सवै प्रकारका बिस्कुटहरूलाई हाई ईनर्जी बिस्कुट भनी परिभाषित गरिएको छ ।

(क) **<u>Composition: प्रति १०० ग्राममा निम्नानुसार हुनु पर्नेछ ।</u>**

(१) Protein को मात्रा न्युनतम १० देखि १५ ग्राम हुनु पर्नेछ ।
(२) Fat को मात्रा न्युनतम १५ ग्राममा नघटेको हुनु पर्नेछ ।
(३) Sugar अधिकतम १० देखि १५ ग्राममा नबढेको हुनु पर्नेछ ।
(४) Moisture अधिकतम ४.५ प्रतिशतमा नबढेको हुनु पर्नेछ ।
(५) प्रति १०० ग्राम तौलमा न्युनतम शक्तिको मात्रा ४५० किलो क्यालोरीमा नघटेको हुनु पर्नेछ ।

(ख) **<u>Vitamins/Minerals : प्रति १०० ग्राममा निम्न अनुसार हुनु पर्नेछ</u>** ।

(१) Calcium 250 mg मा नघटेको हुनु पर्नेछ ।
(२) Magnesium 150 mg मा नघटेको हुनु पर्नेछ ।
(३) Iron 11 mg मा नघटेको हुनु पर्नेछ ।
(४) Iodine 75 mcg मा नघटेको हुनु पर्नेछ ।
(५) Folic Acid 80 mcg मा नघटेको हुनु पर्नेछ ।
(६) Pantothenic Acid 3 mg मा नघटेको हुनु पर्नेछ ।
(७) Vitamin B1, 0.5 mg मा नघटेको हुनु पर्नेछ ।
(८) Vitamin B2, 0.7 mg मा नघटेको हुनु पर्नेछ ।
(९) Vitamin B6,1.0 mg मा नघटेको हुनु पर्नेछ ।
(१०) Vitamin B12 , 0.5 mcg मा नघटेको हुनु पर्नेछ ।
(११) Niacin 6 mg मा नघटेको हुनु पर्नेछ ।
(१२) Vitamin C 20 mg मा नघटेको हुनु पर्नेछ ।
(१३) Vitamin D 1.9 mcg मा नघटेको हुनु पर्नेछ ।
(१४) Vitamin E 5.0 mg मा नघटेको हुनु पर्नेछ ।
(१५) Vitam in A-retinol 250 mcg मा नघटेको हुनु पर्नेछ ।

(ग) **<u>Packaging मापदण्ड</u>**

(१) नमूना पेश गर्दा प्रति प्याकेट ४३ ग्राम तौल सहितको ६ पिस बिस्कुटलाई Inner layer Plastic मा प्याक गरी सो को Outer Layer आल्मोनियम कोटेड Metallized BOPP बाट बनेको Moisture Proof र गाढा हरियो रंगको हुनु पर्नेछ ।

(२) ४३ ग्रामको २०/२० प्याकेट बिस्कुटलाई Transparent Plastic Bag मा प्याक गरेको हुनु पर्नेछ ।

(३) उपरोक्त २०/२० प्याकेटको ६ प्याकेट (१२० प्याकेट) बिस्कुटलाई नफुट्ने र नच्यातिने खालको स्तरिय कार्टुन बक्समा प्याक गरी आपूर्ति गर्नु पर्नेछ र कार्टुनको बाहिर पट्टि उत्पादन मिति, प्रयोग योग्य अवधि, कम्पनीको ट्रेडमार्क, लट नं., ब्याच नं., उद्योगको नाम र उत्पादित स्थान उल्लेख गरिएको हुनु पर्नेछ ।

(४) प्रत्येक ४३ ग्रामको प्याकमा पौष्टिकता सम्बन्धी बिबरण RDA (Recommended Dietary Allowance) को आधारमा दिएको हुनु पर्नेछ, साथै प्रयोग गर्नुपर्ने अबधी (Expiry Date), उत्पादन गर्ने कम्पनीको ट्रेड मार्क, खाद्य अवयवहरू, Manufacture Date, Lot No, Batch No, तथा कहां कुन उद्योग र स्थानमा तयार भएको हो सो समेत खुलाउनु पर्नेछ र नेपाल सरकारले तोकेको तयारी मापदण्ड तथा प्राबधान अनुरूपको हुनु पर्नेछ ।

(३) **<u>Ingredients सहितको बिस्तृत स्पेशिफिकेशनः</u>** बिस्कुट भन्नाले गहुंको पिठोको मैदा र बनस्पती घिउ वा प्रशोधित खाने तेल वा घिउ वा कृत्रिम मख्खन वा तिनीहरूको समिश्रणबाट बनेको पदार्थलाई सम्झनु पर्छ । यसमा खाने नुनको साथै देहाय बमोजिम कुनै एक वा बढी पदार्थहरू समावेश गरिएको हुनु पर्दछ । एण्टी अक्सिडेण्ट्स (Anti-Oxidants), इमल्सिफाईङ्ग तथा स्टेबिलाईजिङ्ग एजेण्ट्स (Emulsifying & Stabilizing Agents), स्वीकृत परिरक्षीहरू (Permitted Preservatives), बेकिङ्ग पाउडर (Baking Powder), पाउडर दुध, खाद्यान्न (Cereals), चीज, चकलेट, साईट्रिक एसिड (Citric acid), कोका (Cocoa), नरिवल, डेक्सट्रोज (Dextrose), काजु,पेस्ता जस्ता मसलाहरू, फुल (Egg), इन्जाईम्स् (Enzymes), फ्लेवोरिङ्ग एजेन्टस् (Flavouring Agents), अदुवा, ग्लुटेन (Gluten), बदामको पिना, दुग्ध पदार्थ, मह, जेलीफाईङ्ग एजेण्ट (Jellyfying Agent) वा मसला ( Spices), चिनी, तथा चिनीयुक्त पदार्थ, इष्ट (Yeast), स्वीकृत रंग इत्यादी । साथै बिस्कुट देहाय बमोजिमको गुणस्तर परिधि अनुरूपको हुनु पर्नेछ ।

(१) जलांश ४.५ प्रतिशतमा नबढेको हुनु पर्नेछ ।

(२) डाईल्युट हाईड्रोक्लोरिक एसिडमा नघुल्ने भष्म (Ash Insoluble in Diluted HCL)– ०.१ प्रतिशतमा नबढेको ( सुख्खा तौलको आधारमा)

(३) उद्धृत चिल्लो पदार्थको अम्लता (Acidity of Extracted Fat as Oilic Acid) २.० प्रतिशतमा नबढेको हुनु पर्नेछ ।

४. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक बोलपत्रदाताले फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नं.र मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि र ब्यवसाय दर्ताको ईजाजत पत्रको प्रतिलिपि संलग्न गरि लिखित आवेदन सहित यस प्रबन्धरथी बिभाग (खाद्य र परिवहन), जिल्ला प्रशासन कार्यालय, काठमाडौं वा कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंमा रू १०,०००।– (फिर्ता नहुने) बुझाई बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति भन्दा एकदिन अगाडीसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् ।

५. बिद्युतिय माध्यम (e-bidding) बाट बोलपत्र पेश गर्नेहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साईट www.gepson.gov.np को e.procurement links को URL मा http://Eproc.nepalarmy.mil.np बाट download गरि सूचना तथा बोलपत्र सम्बन्धि कागजात प्राप्त गर्न सकिने छ । उक्त बोलपत्र भरी Scan गरी e-submit गर्न बोलपत्र दस्तुर बराबरको रकम यस बिभागको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको राजश्व खाता नं.'क-१-१-१६३', कोड नं. '२७-३०५-४२' र शिर्षक-'१४२२७' मा नगद जम्मा गर्नु पर्नेछ र नगद जम्मा गरेको बैंक भौचरको Scanned Copy पनि e-submit गर्नु पर्नेछ ।

६. नेपालमा उत्पादित बिस्कुटको हकमा मान्यता प्राप्त निकायबाट जारी भएको नेपालमा उत्पादन भएको प्रमाणित हुने उत्पत्तिको प्रमाण-पत्र (Country of Origin Certificate) पेश गर्नु पर्नेछ । बिदेशमा उत्पादित बिस्कुटको हकमा, Principal Company ले नेपाल भित्र स्थानिय एजेण्ट नियुक्ति गरेको Original Authority Letter, Original Commission Letter, स्थानिय एजेण्टले पाउने कमिशन र अन्य कुनै शर्त सम्झौता गरेको भए सो समेत खुलेको र एजेण्ट हुन स्वीकार गरेको कागजात पेश गर्नु पर्नेछ । बोलपत्रदाताले उत्पादक कम्पनीको प्रतिलिपि र ISO प्रमाणित संस्थाको गुणस्तर निर्धारण प्रमाण पत्र (Original Quality Test Report) र Specification खुलेको कागजात समेत अनिवार्य रूपमा बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । साथै प्रतिनिधि मार्फत बोलपत्र प्रक्रियामा भाग लिन अनिवार्य रूपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नु पर्नेछ ।

७. वोलपत्रदाताहरूले बोलपत्र पेश गर्दा बोलपत्रसाथ अनिवार्य रूपमा संलग्न गूर्नपर्ने कागजातहरू :-

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) फर्म/सस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) ब्यवसाय दर्ताको ईजाजत पत्रको प्रतिलिपि ।

(घ) मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) आन्तरिक राजश्व विभागबाट आ.व. ०६७/६८ को कर चूक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि ।

(च) **बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित पेशा वा ब्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा पत्र ।**

(छ) **बोलपत्रमा हस्ताक्षर गर्न अधिकारनामा पत्र ।**

(ज) **बोलपत्र जमानतको सक्कलै प्रति ।**

(झ) **संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्ने भए संयूक्त उपक्रम सम्बन्धी सम्झौताको सक्कल प्रति ।**

(ञ) **नेपालमा उत्पादित बस्तूहरूमा ञ्जण प्रतिशतको ग्राह्यता प्राप्त गर्नू पर्ने भए मान्यता प्राप्त निकायबाढ जारी भएको नेपालमा उत्पादन भएको प्रमाणित हूने उत्पत्तिको प्रमाण पत्र (**Country of Origin Certificate**) ।**

(ट) **बोलपत्रदाताले तोकिएको** Composition,Vitamins/Minerals **र** Packaging **मापदण्ड यूक्त प्रति प्याकेट ४३ ग्राम तौल र कम्तीमा १८४ किलो क्यालोरी सहितको प्रति कार्ढून १२० प्याकेट भएको ५ (पांच) कार्टून हाई इनर्जी बिस्कूटको नमूना (तोकिएको परिमाणमा नघटाई) बोलपत्रसाथ अनिवार्य रूपमा पेश गर्नू पर्नेछ ।**

**(ठ)** बोलपत्रदाताले नमुनाको लागि वोलपत्रसाथ पेश गरेको हाई ईनर्जी बिस्कुटमा अनिवार्य रुपमा समावेश भएको (रहेको) हुनु पर्ने भनी तोकिएको Composition,Vitamins/Minerals, Packaging मापदण्डहरुको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा (यो सूचना प्रकाशित भएको मितिदेखि दर्ता गर्ने अन्तिम मिति भित्रको अवधिमा) परीक्षण गराई हुनु पर्ने मापदण्ड बमोजिम भएको भनी दिएको सक्कलै प्रमाण(पत्र र उक्त बिभागको प्रयोगशालामा परीक्षण गर्न नसकिने Composition, Vitamins/Minerals र Packaging हरुको सम्वन्धमा नेपाल सरकारबाट मान्यता प्राप्त अन्तर्राष्ट्रिय परीक्षण प्रयोगशालामा सोही अवधि भित्र परीक्षण गराई परीक्षणको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा वोलपत्रसाथ पेश गर्नु पर्नेछ । परीक्षण गराएको हाई इनर्जी बिस्कुट र नमूनाको रुपमा बोलपत्रसाथ पेश गरिएको हाई इनर्जी बिस्कुटको Composition, Vitamins/Minerals र Packaging मापदण्ड, ब्राण्ड, व्याच नं., उत्पादन मिति एउटै र परीक्षण प्रतिवेदनमा समेत प्रष्ट खुलेको हुनुपर्नेछ ।

(ड) बोलपत्रदाताले बोलपत्रसाथ हाई इनर्जी बिस्कुट आपूर्ति गरेको अनुभव हासिल गरेको भए अघिल्ला ३ (तीन) आ.ब.हरु (२०६५/६६, ०६६/६७ र ०६७/६८) मध्ये कूनै १ (एक) आ.ब.मा कूनै सार्वजनिक निकायमा हाई ईनर्जी बिस्कूट आपुर्ति गरेको वा गरिरहेको प्रमाण कागजातको प्रतिलिपि (उक्त अनूभवको प्रमाण कागजातमा आफूले कबोल गरेको कुल ठेक्काको २५ प्रतिशतमा नघटने गरि कारोवार गरेको रकम उल्लेख भएको हूनू पर्नेछ) वा हाई इनर्जी बिस्कूट आपुर्तिको कार्य अनुभव हासिल नगरेका नयां बोलपत्रदाताहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २९ बमोजिम बोलपत्रमा उल्लेख भए अनुसारको परिमाणमा हाई इनर्जी बिस्कुट आपूर्ति गर्न सक्ने आर्थिक क्षमता खुलेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंक वा तिनका शाखाबाट जारी भएको आर्थिक क्षमता (श्रोत) खुलेको (line of credit ) को सक्कलै कागजात अनिवार्य रुपमा वोलपत्रसाथ संलग्न गर्नु पर्नेछ ।

(ढ) हाई इनर्जी बिस्कुट स्वदेशी उत्पादन भए नेपाली सेनालाई आवश्यक परिमाणमा उत्पादन गर्न आवश्यक भौतिक पुर्वाधार, प्राविधिक पुर्वाधार, उत्पादन तथा वित्तिय क्षमता खुलेको उद्योग विभागबाट (सम्वन्धित निकायवाट) प्रमाणित भएको प्रमाण कागजातहरु पेश गर्नु पर्नेछ । आयातित हाई इनर्जी बिस्कुट भएमा सो संग सम्वन्धित व्यहोरा खुलेको सम्वन्धित निकायबाट प्राप्त प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

८. कुनै बोलपत्रदाताले यस सूचनाको दफा ४ मा तोकिएको प्रमाण पत्र (कागजात) हरुको प्रतिलिपि संलग्न राखी तोकिए वमोजिमको बोलपत्रको दस्तुर, लाग्ने हुलाक वा कुरियर महशुल तिरी बोलपत्र सम्वन्धी कागजात माग गरेमा हुलाक वा कुरियर मार्फत बोलपत्र सम्वन्धी कागजात पठाईनेछ, तर सो कागजात सम्वन्धितले समयमा नै प्राप्त गर्न नसकेमा सोको लागि सम्वन्धित ठेक्का वन्दोवस्त गर्ने निकाय जवाफदेही हुने छैन ।

९. यो ठेक्का नेपाली नागरीकलाई मात्र प्रदान गरिनेछ ।

१०. **हाई ईनर्जी बिस्कुट आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।**

११. **बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मितिदेखि १२० दिनको हुनेछ ।**

१२. **बोलपत्र पेश गर्दा, बोलपत्र खोलिने मितिदेखि गणना हुने गरी, १५० दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरेको रू. १,०१,२३,०००।-(एककरोड एकलाख तेईसहजार) को बैंक जमानत वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको यस बिभागको हि नं.१३२००२/०६८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ । बिद्युतिय बोलपत्र** (e-bidding)

मार्फत पेश गर्नेहरुले यस बिभागको नाममा जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत (Bid Security) को Scanned Copy बोलपत्र कागजातका साथ Upload गर्नु पर्नेछ र सो सक्कल प्रति यस बिभागको मुल्यांकन समितिले माग गरेको समयमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

१३. बोलपत्रदाताले आफुले कुन उद्योग वा कम्पनीबाट उत्पादित हाई ईनर्जी बिस्कुट आपूर्ति गर्ने हो, आपूर्ति गर्ने हाई ईनर्जी बिस्कुटको लागि तोकिएको Specification र Packaging मापदण्ड अनुसार छ भन्ने नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय वा अन्तराष्ट्रिय प्रयोगशालाबाट गुणस्तर परिक्षण गरि सो को सक्कलै प्रतिवेदन बोलपत्रसाथ अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । पेश गर्नु पर्ने नमुनाको Specification र अन्य बिस्तृत बिबरण नेपाली सेनाको website www.nepalarmy.mil.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.ppmo.gov.np मा हेर्न तथा Down Load गर्न सकिन्छ । बिद्युतिय बोलपत्र (e-bidding) बाट सहभागि हुने बोलपत्रदाताहरूले बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मितिको १२०० बजे सम्ममा हाई ईनर्जी बिस्कुटको नमूना यस बिभागमा पेश गरि सक्नु पर्नेछ । तोकिएको अवधि भित्र नमूना पेश नगरी e-bidding मार्फत Document मात्र Submission गरिएको बोलपत्रदाताको बोलपत्र स्वत रद्द गरिनेछ ।

१४. मिति २०६८/१०/०२ गतेको कार्यालय समयसम्म बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरू मिति २०६८/१०/०३ गतेको १२०० बजे भित्र दर्ता गर्नु पर्नेछ र दर्ता भएका तथा e-submission भएका बोलपत्रहरू सोही मितिको १३०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस बिभागमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखी नै गरिनेछ ।

१५. बोलपत्र दाखिला (दर्ता) गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरू विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१६. बोलपत्रमा हाई ईनर्जी बिस्कुटको दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ ।

१७. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१८. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१९. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बिभागमा सुरक्षित रहनेछ ।

२०. सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रक्रिया र शर्तहरूको परिधि भित्र रही बोलपत्र पेश गर्नु पर्नेछ । बिद्युतिय माध्यम (e-bidding) बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पुर्ण कागजातहरूका सक्कल प्रतिहरू बोलपत्र मुल्यांकनको क्रममा यस बिभागले माग गरेको समयमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

२१. बोलपत्रदाताले सिलवन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (e-bidding) प्रणाली मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । एउटै ठेक्कामा दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्द हुनेछ ।

२२. यस ठेक्का प्रकृयामा सहभागि हुन चाहने सम्पूर्ण बोलपत्रदाताहरुलाई e-bidding र बोलपत्र सम्बन्धी अन्य कुराहरुको जानकारी गराउने उद्देश्यले मिति २०६८/०९/२२ गतेको १४०० बजे यस बिभागमा बोलपत्र पेश गर्नु पूर्वको बैठक आयोजना गर्न मिलाईएको हूँदा उक्त मिति अगाबै **बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराईन्छ ।**

२३. बोलपत्र सम्बन्धी थप जानकारी लिन चाहने बोलपत्रदाताहरूको लागि यस बिभाग वा फोन नं.०१-४२४१७३५ मा सम्पर्क राख्न हुन र साथै यो सूचना नेपाली सेनाको वेभ साइट www.nepalarmy.mil.np मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।

२४. अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बैंक वा बित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले कालो सुचिमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो कालो सूचिमा कायम रहेको अवधिभर सार्वजनिक खरिद कारवाहीमा भाग लिन सक्ने छैन ।

२५. बोलपत्रदाताहरूले पेश गर्नु पर्ने प्रमाण-पत्र, कागजात, पालना गर्नु पर्ने शर्तहरू एवं ध्यान दिनु पर्ने बुँदाहरू बोलपत्र सम्बन्धी कागजातमा बिस्तृत रूपमा खुलाईएको छ ।

२६. यस सूचना तथा यस संग सम्बन्धित बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित बुंदा एवं शर्तहरू यसै बमोजिम र यस सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका बुंदा एवं शर्तहरूको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन ०६८ सहित) बमोजिम हुनेछ ।